मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : २२५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ असार १८ गते शनिवार (Saturday, July 2. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## दुर्घटनामा ११ जना घाइते

**इलाम, असार १७।** इलाममा सवारी दुर्घटना हुँदा ११ जना यात्रु घाइते भएका छन् ।

ताप्लेजुङको थुम्बेदिनबाट झापातर्फ गइरहेको को१ज ३३२९ नम्बरको जीप दुर्घटना हुँदा सबै यात्रु घाइते भएका हुन् ।

इलाम नगरपालिका-१मा पर्ने मेची राजमार्गको इलाम नेपालटार पुवाखोला सडक खण्डको मिलगोलाईमा दुर्घटना भएको बताइएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

## स्थानीय सञ्चार नीतिमा समेटिनुपर्ने विषयबारे कार्यशाला




**दूधे, असार १७।** स्थानीय सञ्चार नीतिमा समेटिनुपर्ने विषयहरुको कार्यशाला शुक्रबार शिवसताक्षीको दूधेमा सम्पन्न भएको छ ।

नेपाल पत्रकार महासंघ झापा शाखाको आयोजना र शिवसताक्षी नगरपालिकाको सहकार्यमा भएको कार्यशालाको उद्घाटन प्रमुख अतिथि पत्रकार महासंघ प्रदेश १ का अध्यक्ष लीलाबल्लभ घिमिरेले गरेका थिए । पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको कार्यशालाको सहजीकरण महासंघ प्रदेश १का महासचिव विवेक गौतमले गरेका थिए । कार्यशालामा ५२ जनाको सहभागिता रहेको थियो ।

महासंघ प्रदेश १का अध्यक्ष घिमिरेले सरोकारवालाबीचको बृहत् छलफलबिनै ल्याइने सञ्चार कानून मान्य नहुने बताएका छन् । कतिपय स्थानीय सरकारले पत्रकार महासंघसहित सरोकारवालाहरुसँग छलफलबिनै कानून ल्याउन लागेको विषयप्रति ध्यानाकर्षण भएको भन्दै घिमिरेले महासंघले त्यसको सशक्त खबरदारी गर्ने बताए । उनले प्रेसलाई अंकुश लगाउनेभन्दा पनि पत्रकार र सञ्चारमाध्यमको प्रवर्द्धनमा टेवा पुग्ने सञ्चार नीति बन्नुपर्नेमा जोड दिए ।

हरेक पालिकाले संस्थागत रुपमा पत्रकार महासंघसँग सहकार्य गर्ने हो भने सञ्चारमैत्री र समृद्ध सञ्चार नीति बन्ने अध्यक्ष घिमिरेले बताए । स्थानीय सञ्चारमाध्यम, स्थानीय सञ्चारकर्मी, स्थानीय भाषा लगायतका विषयमा कानून बनाउँदा नै स्थानीय सरकारले उनीहरुको विकास र प्रबर्द्धनमा टेवा पुग्ने गरी व्यवस्था गर्नुपर्ने घिमिरेको सुझाव छ ।

कार्यशालाको सहजीकरण गर्दै महासंघ प्रदेश १ का महासचिव गौतमले सूचनाको हकको रक्षा, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, स्थानीय पत्रकार र सञ्चारमाध्यमको विकास र प्रवर्द्धनमा टेवा पुग्ने सञ्चार नीति स्थानीय सरकारले बनाउनु पर्ने बताए । उनले नयाँ कानूनको अभावमा सञ्चार क्षेत्रमा संघीयताको अनुभूति नभएको समेत बताए । कानून बनाउँदा सञ्चार क्षेत्रमाथि अंकुश लगाउने नभई विकास र प्रबर्द्धनमा टेवा पुग्ने तथा साझेदारी मोडलको हुनुपर्नेमा गौतमको जोड छ ।

प्रेस स्वतन्त्रता बिरोधी तथा स्थानीय सञ्चारमाध्यम र पत्रकारको प्रबर्द्धन तथा विकासमा टेवा पुग्ने कानून नआए महासंघले सशक्त खबरदारीसँगै दवाव र आवश्यक परे आन्दोलन पनि गर्ने उनले चेतावनी दिए । उनले सञ्चार नीति र कानून बन्दा सञ्चार सम्बद्ध सबै सरोकारवालाबीच अनिवार्य छलफल गर्नुपर्ने बताए ।

पत्रकार महासंघ झापाका अध्यक्ष गिरीले स्थानीय सरकारले सञ्चार सम्बन्धी कानून र नीति बनाउन शुरु गर्नु सकारात्मक भएको बताउँदै उक्त कार्यको लागि महासंघसँग सहकार्य गर्न जरुरी रहेको बताए । स्थानीय सरकारले सञ्चार नीति बनाउँदा पत्रकार र सञ्चारमाध्यमलाई प्रतिबन्ध लगाउने खालका बनाउन नहुनेसहित तीन वटा कुरामा अध्यक्ष गिरीको जोड छ । स्थानीय पत्रकार र सञ्चारमाध्यमको विकासमा सहयोग पुग्नेगरी सञ्चार नीति बनाइनुपर्ने, सञ्चार नीतिले स्थानीय तहको विकास र गतिविधिमा पत्रकार र सञ्चारमाध्यमहरुले सहयोग गर्न सक्ने वातावरण तयार गर्नुपर्ने गिरीले बताए ।

कार्यशालामा महासंघ प्रदेशका कोषाध्यक्ष बिमल लामिछाने, कार्यसमिति सदस्य लीलाराज झापाली, विष्णु सुब्बा, प्रेस युनियनका उपाध्यक्ष गिरीराज भट्टराई, प्रेस चौतारीका प्रतिनिधि उमानाथ भण्डारी, समाजवादी प्रेस संगठनका अनिलदेव राई, मिडिया नेपालका अध्यक्ष रञ्जित प्रसाईं, नारी सञ्चार गृहकी

(बाँकी अन्तिम पृष्ठमा)

# चामलमा पनि परनिर्भरता

**झापा, असार १८।** सरकारले लगातार दश वर्षदेखि सार्वजनिक गर्दै आएको तथ्य र तथ्याङ्कले चामलको परनिर्भरता अकाशिएको पुष्टि भएको छ ।

आर्थिक वर्ष २०६९/०७०मा करिब रु. २० अर्बको चामल आयात भएको थियो । १० वर्षपछि अर्थात् चालू आव ०७८/०७९को ११ महिना (जेठ मसान्त) सम्म आइपुग्दा सो अङ्कमा १५० प्रतिशतले वृद्धि भई झण्डै रु. ५० अर्बको चामल, चामलजन्य कनिका र ढुटो आयात भएको भन्सार विभागको तथ्याङ्कमा उल्लेख छ ।

उक्त चामल नेपालमा भारत, चीन, भियतनाम, अमेरिका, थाइल्यान्ड लगायतका मुलुकबाट आयात भएको हो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार आयात भएका चामलमा ७० प्रतिशत मसिनो र बास्नादार चामलको हिस्सा पर्दछ । जुन चामल घरानिया परिवार र उच्चकोटीका होटलमा खपत हुने गरेको बताइन्छ ।

सरकारको आव २०७८/०७९ को बजेट पुस्तिकाको बुँदा नं १०८मा नेपाललाई आगामी पाँच वर्षमा धानमा आत्मनिर्भर बनाइने घोषणा गरिएको थियो । त्यसो त, आर्थिक वर्ष २०७३/०७४ देखि नेपाल सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत धानमा आत्मनिर्भर बनाउने योजना लागू गरेको भए पनि परिणाम सकारात्मक देखिएन ।

आव ०६९/०७०मा १४ लाख २० हजार ५७० हेक्टर जमिनमा खेती भई ४५ लाख चार हजार ५०३ मेट्रिक टन धान उत्पादन भएको थियो । एक हेक्टर जमिन भनेको २० रोपनी हो । सरकारी आँकडाअनुसार नेपालमा झण्डै ३१ लाख हेक्टर जमिनमा खेती हुन्छ, जसमध्ये आधा जमिनमा धान खेती गर्न सकिन्छ तर केन्द्रीय तथ्याङ्क विभागले २०६८मा सार्वजनिक गरेको कृषि गणनामा १० लाख हेक्टर जमिन बाँझो रहेको उल्लेख छ ।

प्रत्येक १०/१० वर्षमा कृषि गणना शुरु हुँदै आएको छ । नेपालमा सातौं कृषि गणना २०७९ साल वैशाख ६ देखि शुरु भई १९ गते सकिएको थियो । तर सो गणना सार्वजनिक हुन अझै सात



महिना लाग्ने केन्द्रीय तथ्याङ्क विभागका अधिकारी हेमराज रेग्मीले जानकारी दिए ।

यस अवधिसम्म आइपुग्दा कति खेतीयोग्य जमिन घडेरीकरण, खण्डीकरण वा नदीले कटान गऱ्यो । त्यसको कुनै आधिकारिक तथ्याङ्क छैन । गत तीन आर्थिक वर्षदेखि हरेक सरकारले बजेटमार्फत जमिन बाँझो राख्न नदिन कडा कानून ल्याउने बताउँदै आएको छ, तर कार्यान्वयन भने हुन सकेको छैन । तर, समयमा नै रासायनिक मल उपलब्ध गराउन नसकेकामा किसानले सरकारको बिरोध गर्दै आएका छन् ।

आव २०७०/०७१मा ५० लाख ४७ हजार ४७ मेट्रिक टन धान उत्पादन भएको थियो । सोही वर्ष १४ लाख ८६ हजार ९५१ हेक्टर जमिनमा धान खेती गरिएको थियो । सो वर्ष एक लाख ५५ हजार मेट्रिक टन धान मौज्दात थियो । सो वर्षदेखि लगातार मौज्दातमा शून्यता देखिएको छ ।

कृषियोग्य जमिनको चक्लाबन्दी, कबुलियती, सामुहिक र करार खेतीमार्फत धान उत्पादनको वृद्धि गरिने विषय उठान भएको छ ९६० आर्थिक वर्ष नाघिसकेको छ । प्रत्येक बजेट पुस्तिकामार्फत उक्त कुरा लेखिएको भए पनि कार्यान्वयन फितलो देखिएको बताउँछन्- वरिष्ठ धानबाली विशेषज्ञ लवप्रसाद त्रिपाठी ।

लगातारका दश वर्षमध्येमा आर्थिक वर्ष ०७७/०७८मा सबैभन्दा धेरै अर्थात् ५६ लाख २१ हजार ७१० मेट्रिक टन धान उत्पादन भएको थियो । तर सोही वर्ष रु ४५ अर्बको चामल आयात भएको छ भने त्यस वर्ष १४ लाख ७३ हजार ४७८ हेक्टर जमिनमा धान खेती भएको थियो ।

आर्थिक वर्ष २०६०/६१ देखि लगातार धान खेतीयोग्य जमिन मासिँदै गएको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ । सो वर्ष १५ लाख ५९ हजार ४३६ हेक्टर जमिनमा धान खेती गर्दा त्यसको १९ वर्ष अर्थात् ०७८/०७९ सम्म पुग्दा ८२ हजार ५८ हेक्टर जमिन घट्न गई १४ लाख ७७ हजार ३७८ हेक्टर जमिनमा धान खेती भएको छ ।

आव ०७२/०७३ देखि ०७७/७८ सम्म अर्थात् छ वर्षको अवधिमा झण्डै रु दुई खर्बको चामल आयात भएको छ । आव ०७२/०७३ मा रु. २५ अर्ब आव ०७३/७४ मा रु. २४ अर्ब, आव ०७४/७५ मा रु. २९ अर्ब आव ०७५/७६ मा रु ३४ अर्ब र आव ०७७/७८ मा रु. ४५ अर्बको चामल आयात भएको थियो । सोही आव अर्थात् ०७२/७३मा ४२ लाख ९९ हजार ७८, आव ०७३/७४मा ५२ लाख ३० हजार ३२७, आव ०७४/७५मा ५१ लाख ५१ हजार ९२५, आव ०७५/७६मा ५६ लाख १० हजार ०११, आव ०७६/७७मा ५५ लाख ५० हजार ८७८ र आव ०७७/७८मा ५६ लाख २१ हजार ७१० मेट्रिक टन धान उत्पादन भएको थियो ।

नेपालको जनसङ्ख्या झण्डै तीन करोड छ । सो सङ्ख्यालाई धान्न करिब ६० लाख मेट्रिक टन धानको आवश्यकता पर्छ । विज्ञहरु भन्छन्- उत्पादन बढाउन चैते धान खेतीलाई बढावा दिनुपर्ने, समयमा मलखाद्य, बीऊ बिजन र सिञ्चाइको व्यवस्था हुनुपर्छ ।

राष्ट्रिय कृषि अनुसन्धान परिषद् (नार्क) का पूर्ववरिष्ठ वैज्ञानिक डा भवप्रसाद त्रिपाठीले सिँचाइका ठूला आयोजनाको तदारुकताका साथ निर्माण, चार लाख हेक्टर जमिनमा वर्षे धान खेती, तराईका धानखेती हुने जग्गामा माछापोखरी खन्न रोक, वर्षे धान खेत गर्ने किसानलाई धान सुकाउने मेसिनको उपलब्धता हुने हो भने चामलमा आत्मनिर्भर हुन पाँच वर्ष पनि नलाग्ने बताउँछन् ।

## सिम कार्ड डुप्लिकेशन गरी रकम ठग्दा...

**काठमाडौं, असार १७।** सिम कार्ड डुप्लिकेशन गरी रकम ठगी गरेको अभियोगमा मकवानपुर हेटौंडा उपमहानगरपालिका-१७ ठेगाना भएका ४१ वर्षीय गोपी बजगाँईलाई काठमाडौं-३१ नयाँबानेश्वरबाट प्रहरीले पक्राउ गरेको छ ।

सामाजिक सञ्जाल फेसबुक तथा वाट्सएपमा बैदेशिक रोजगारको लागि पोर्चुगल लैजान ११ लाख रुपैयाँ लाग्छ भन्दै पीडित व्यक्तिहरुको सक्कल राहदानी, नागरिकता, सम्पत्ति विवरण कागज समेत लिई झुक्याई पीडितको नागरिकताबाट सिमकार्ड समेत अर्को निकाली

(बाँकी अन्तिम पृष्ठमा)

## व्यवसायीलाई हतोत्साहित नबनाउन बाणिज्य संघको आग्रह

**बिर्तामोड, असार १७।** बैक तथा वित्तीय संस्थाका कारण व्यवसायीहरु मारमा परेका भन्दै व्यवसायीको पक्षमा सहज र नरम बन्न बिर्तामोड उद्योग वाणिज्य संघले आग्रह गरेको छ ।

कोरोना संक्रमणका कारण व्यवसाय धरासायी बनिरहेको साथै रुस र युक्रेनको युद्धपछि आर्थिक संकटको शुरुवात भएको भन्दै बिर्तामोड उद्योग वाणिज्य संघले यस्तो असहज परिस्थितमा बैंकले व्यवसायीलाई कर्जा उठाउन ताकेता नदिन आग्रह गरेको छ ।

असारमसान्तका नाममा विभिन्न व्यवसायीलाई वित्तीय क्षेत्र विशेष गरेर क र ख वर्गका बैंकले महिना दिन अगावै व्याज र किस्ताको ताकेता गरेकोप्रति बिर्तामोड उद्योग वाणिज्य संघको गम्भीर ध्यानाकर्षण भएको शुक्रवार जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

बिर्तामोड उद्योग वाणिज्य संघको अध्यक्ष प्रकाश शिवाकोटीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- बैंकले अव्यवहारिक हिसाबले ताकेता गरिरहेको र व्याज र किस्ता नबुझाए लिलामीमा राख्ने, ब्ल्याकलिष्ट गर्ने, धम्की दिनु दुःखद् भएको जनाएको छ । व्यापार सञ्चालनमा आर्थिक तरलताका कारण कठिनाई उत्पन्न भइरहेको अवस्थामा वित्तीय

(बाँकी अन्तिम पृष्ठमा)

## लागूऔषधसहित पाँच जना पक्राउ

**मोरङ, असार १७।** मोरङको विराटनगर महानगरपालिका-१५ स्थित १ नम्बर र २ नम्बर ढाटबाट लागूऔषधसहित ४ जना पक्राउ परेका छन् ।

लागूऔषध नियन्त्रण व्यूरो विराटनगरबाट खटिएको प्रहरी टोलीले २ नम्बर ढाट छेउबाट भारतबाट नेपालतर्फ आउँदै गरेका मोरङ सुन्दरहरैंचा नगरपालिका-४का २६ बर्षीय पवन घिमिरे र ६का २७ बर्षीय बिजय राईलाई लुपिजेसिक १२ ऐम्पुल, फेनारगन १२ ऐम्पुल, डाइजेपाम १२ ऐम्पुल, ऐभिल १२ ऐम्पुलसहित पक्राउ गरेको हो ।

यसैगरी १ नम्बर ढाटबाट लागूऔषध नियन्त्रण व्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले बा३५प २७१४ नम्बरको मोटरसाइकलमा भारतबाट नेपालतर्फ आउँदै गरेको सुन्दरहरैचा नगरपालिका १२ का २० बर्षीय अभिषेक चौधरी र पछाडी सवार सुन्दरहरैंचा नगरपालिका -१२कै १९ बर्षीय निशान गुरुङलाई लागूऔषधसहित पक्राउ गरेको छ । पक्राउ परेका चारै जनाको इलाका प्रहरी कार्यालय रानीबाट थप अनुसन्धान भइरहेको छ ।

उता धनकुटा नगरपालिका-१स्थित हिले मावि अगाडि चेकजाँचको क्रममा लागूऔषध ब्राउन सुगरसहित एक जना पक्राउ परेका छन् ।

पक्राउपर्नेमा सोही स्थान बस्ने २२ बर्षीय गोबिन्द बिश्वकर्मा रहेका छन् । प्रहरी चौकी हिले धनकुटाबाट खटिएको प्रहरी टोलीले उनको साथबाट लागूऔषध ब्राउनसुगर १७० मिलिग्राम बरामद भएको थियो । पक्राउ परेका विश्वकर्माको जिल्ला प्रहरी कार्यालय धनकुटाबाट थप अनुसन्धान भइरहेको बताइएको छ ।

# हातले लोभ्यायो पर्यटक

**मङ्गलबारे, असार १७।** पर्यटक तान्न वा अवलोकनका लागि खासै नयाँ कुरा चाहिँदैन । तर नौलो अनि पृथक हुन आवश्यक रहेको इलाम बजार नजिकै निर्माण गरिएको हात हेर्न जार्ने पर्यटकबाट नै पुष्टि हुन्छ ।

जमिनबाट ठाडो पारेर उठाइएको हातको नाडीमा लिस्नो (भऱ्याङ) निर्माण गरिएको छ । उक्त लिस्नोबाट चढेर हत्केलामा पुगी तस्वीर खिचाउनेको भीड नै लाग्ने गरेको छ । इलाम बजार नजिकै रहेको इलाम चियाबारीको लभडाँडा भन्ने स्थानमा यो हात निर्माण गरिएको हो । चियाका लागि यो ठाउँ ऐतिहासिक समेत मानिन्छ । नेपालमा सबैभन्दा पहिला चिया रोपिएको ठाउँ भएका कारण पनि यो स्थान ऐतिहासिक मानिन्छ । हुन त यहाँ हातमात्र निर्माण भएको छैन । पर्यटकीय पूर्वाधारसमेत निर्माण गरी आकर्षक बनाइएको छ ।

ऐतिहासिक चियाबगान र सुन्दर हरियाली अवलोकनका लागि पर्यटक यहाँ पुग्ने गरेका छन् ।



साथै नजिकै रहेको नेपालकै पहिलो उद्योग (चिया कारखानासमेत नजिकै छ । आन्तरिक पर्यटन प्रवर्द्धन गर्न चिया खेतीको इतिहास बोकेको इलाम चिया बगानमा घुम्न आउने पर्यटकको सहजताका लागि पूर्वाधार निर्माण गरिएको छ । नेपालको पहिलो चिया बगान र कारखाना क्षेत्र घुम्न आउने पर्यटकको थप मनोरञ्जनका लागि इलाम नगरपालिकाले पूर्वाधार निर्माण गरेको हो ।

यही चियाबारीमा हात समेत निर्माण भएपछि अझ बढी पर्यटक यहाँ पुग्ने गरेका छन् । चिया बगानभित्रका खुला क्षेत्रमा पर्यटन पूर्वाधार निर्माण गरिँदै आएको छ । नगरपालिकाले बगान क्षेत्रमा आउने पर्यटकको बसाइ लम्ब्याउनका लागि पर्यटकीय पूर्वाधार निर्माण गर्दै आएको हो । बजार क्षेत्रको चिया बगान, भालुढुङ्गा, भ्यूटावर, लभडाँडा क्षेत्रमा पर्यटक पूर्वाधार निर्माण गरिएको छ । नगरको विकासका लागि पर्यटकीय क्षेत्रको समेत विकास हुनुपर्ने भएकाले आगामी दिनमा नगरपालिकाले यसतर्फ आफ्ना योजना अगाडि बढाउने नगरपालिकाका प्रवक्ता नुतनदेव दुलालले बताए ।

चिया बगान क्षेत्रको लभडाँडा क्षेत्रमा नेपालमा चियाखेती शुरुवात गर्ने इलामका तत्कालीन बडाहाकिम गजराजसिंह थापाको प्रतिमासहित पूर्वाधार निर्माण गरिएको छ । गजराजसिंह थापा तत्कालीन श्री ३ प्रधानमन्त्री जङ्गबहादुर राणाका ज्वाइँ थिए । इलाम चिया बगान क्षेत्रमा नगरपालिका-७का वडाको पहलमा खुला जिमहाउस समेत सञ्चालन गरिएको छ । जिमहाउसमा दैनिक

(बाँकी अन्तिम पृष्ठमा)

हाडजोर्नी तथा नशा रोगको सफल उपचार

सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक ।

बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,
दैनिक ओपीडीमा डा. विनय प्रधान , डा. भगवान शाह र
अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा ।
दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ ।

# सरकारी गाडीको दुरुपयोग नगर्न नेविसंघको आग्रह

**झापा, असार १७।** सरकारी गाडीको दुरुपयोग नगर्न नेपाल विद्यार्थी संघ झापाले सम्बन्धित सबैलाई आग्रह गरेको छ।

संघका सभापति राजेन्द्र उप्रेतीले विज्ञप्ति जारी गर्दै जिल्लामा काम बिना सार्वजनिक विदाका दिन सरकारी गाडीको उपयोग भइरहेको जनगुनासो आएको र सरकारी गाडीको दुरुपयोग नगर्न सबैलाई आग्रह गरेका छन्। सरकारी गाडीको दुरुपयोग गरेको पाइएमा नेविसंघ झापाले त्यस्ता सवारीलाई नियन्त्रणमा लिने जनाएको छ।

त्यस्तै जिल्लामा सञ्चालनमा रहेका विद्यालयहरुलाई गत शैक्षिक सत्रको शुल्क र यस वर्षको शुल्कको ढाँचा उपलब्ध गराउन आग्रह गरेको छ। सामुदायिक विद्यालयले विद्यार्थीबाट शुल्क लिएको जनगुनासो आएकाले विद्यार्थीबाट शुल्क नलिन आग्रह गरेको हो।

# बैंकिङ कसूर मुद्दामा फरार शर्मा र गुरुङ पक्राउ

**काठमाडौं, असार १७।** नेपाल प्रहरीले बैंकिङ कसूर मुद्दामा फरार दुई जनालाई पक्राउ गरेको छ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी)ले उच्च अदालत पाटनको फैसला अनुसार जरिवना र कैद सजाय तोकिएका महोत्तरी घर भई ललितपुर बस्ने २८ वर्षीय गौरभ शर्मा र धादिङ घर भई काठमाडौंको मनमैजु बस्ने ३१ वर्षीय प्रेमबहादुर गुरुङलाई पक्राउ गरेको हो।

व्यूरोका प्रवक्ता, प्रहरी उपरीक्षक श्यामकुमार महतोले उच्च अदालत पाटनबाट बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ बमोजिम कैद तथा जरिवाना ठहर भएका शर्मा र गुरुङलाई बालुवाटारबाट पक्राउ गरिएको जानकारी दिए।

पक्राउ शर्मालाई अदालतले ११ दिन कैद सजाय तथा रु ५५ लाख जरिवना तथा गुरुङलाई रु. नौ लाख ९० हजार जरिवाना तथा दुई दिन कैद सजाया हुने फैसला गरेको थियो। पक्राउ परेका दुवैलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत ललितपुर पेश गरिएको प्रवक्ता महतोले बताए।

# काजुदेखि कटुससम्म किनेर खान्छन् नेपाली

**काठमाडौँ, असार १७।** नेपाल कसरी परनिर्भर बन्दै गएका छन् भन्ने एउटा सामान्य उदाहरणका रूपमा लिन सकिन्छ नेपालमा भइरहेको कटुसको आयात। नेपालका वनजङ्गलमा सहजरूपमा पाइने कटुससमेत आयात गरेर नेपालीले खाइरहेको पाइएको छ।

नेपालीले विशेषगरी भाइटीकाका दिनमात्रै प्रयोग गर्ने गरेको कटुसका बारेमा जानकारी पाएर पनि त्यसलाई व्यावसायिक उत्पादनमा ध्यान दिन सकेका छैनन्। तर त्यही कटुसको आयातका लागि अमेरिकन डलर खर्च भइरहेको छ।

व्यावसायिकरूपमा खेती गर्नु नपर्ने, वनजङ्गलमा सजिलै पाइने तथा गाउँघरमा खेर गइरहेको कटुससमेत आयात गरेर नेपालीले परनिर्भरताको उदाहरण पेस गरिरहेका छौँ। एघार महिनाको अवधिमा ७६ किलो कटुस आयात भएको छ। त्यसको मूल्यमात्रै रु ४९ हजार बराबर छ। सानो परिमाण भए पनि यसबाट विदेशी मुद्रा थप विदेशिएको छ।

भन्सार विभागले सार्वजनिक गरेको चालू आवको जेठ मसान्तसम्मको आयात निर्यात सम्बन्धी विवरणानुसार १३ लाख ७४ हजार ७८६ किलो काजु आयात भएको छ। उक्त परिमाणमा काजु आयात गर्नका लागि रु एक अर्ब ११ करोड ९२ लाख ७६ हजार खर्च भएको छ। त्यसबाट सरकारले रु ३४ करोड ४७ लाख ३९ हजार राजस्व सङ्कलन गरेको छ।

भारत, भियतनाम, मोजाम्बिक, नाइजेरिया, चिली, अमेरिकालगायत देशबाट नेपालमा काजु आयात हुने गरेको छ। भारतबाट मात्रै रु. ४९ करोड १७ लाख ५९ लाख मूल्यमा ५७ लाख ३५ हजार ७८ हजार किलो काजु भित्रिएको छ।

त्यस्तै चालु आवको ११ महिना अवधिमा रु. ७९ करोड ७१ लाख ७० हजार मूल्य बराबरमा कूल १२



लाख ४५ हजार ६८१ किलो बदाम (आल्मण्ड) आयात भएको छ। अमेरिकाबाट मात्रै १२ लाख पाँच हजार ३०२ किलो बदाम रु. ७६ करोड ६८ लाख ८० हजार मूल्य बराबरको भित्रिएको छ। अमेरिकामा आलमण्डको ठूलो मात्रामा व्यावसायिक खेती हुने गरेको छ। नेपालको हावापानीमा पनि आमल्ड उत्पादन हुनसक्छ। नेपालीले त्यसतर्फ ध्यान दिन सकेका छैनन्।

**६९ करोड ६० लाखको ओखर आयात**

विभागका अनुसार यस अवधिमा रु. ६९ करोड ६० लाख ४९ हजार मूल्यमा २२ लाख ७७ हजार ५३७ किलो ओखर आयात भएको छ। नेपालको भिरपाखामा सहजै रोप्न सकिने ओखरसमेत आयात गरेर खानुपर्ने अवस्थाका कारण नेपालको परनिर्भरता झनै बढेर गएको हो।

ओखर आयात गर्दा मात्रै मुलुकले रु. २१ करोड ५२ लाख ८३ हजार रकम राजस्व सङ्कलन गरेको छ। छिमेकी मुलुक चीनबाट ओखर सबैभन्दा धेरै भित्रिने गरेको तथ्याङ्क छ। चालू आवको ११ महिनामा चीनबाट २० लाख ५६ हजार ६७९ किलो ओखर रु. ६३ करोड १० लाख ७८ हजार मूल्य बराबरको आयात भएको छ। बाँकी परिमाण भने भारतलगायतका अन्य देशबाट आयात भएको छ।

त्यस्तै रु छ करोड ३७ लाख ६१ हजार मूल्यमा कूल छ लाख ९४ हजार २२३ किलो छोकडा आयात भएको छ। जसमा सुकेका छोकडा रु. चार करोड १३ लाख ७३ हजार बराबरका छन् भने ताजा छोकडा रु. दुई करोड २३ लाख ८८ हजारका बराबरका छन्।

**एक अर्बको सुपारी आयात**

त्यस्तै चालू आवको गएको ११ महिनामा रु एक अर्ब ७० करोड ८५ लाख ८५ हजार मूल्य बराबरको कूल ८४ लाख ५१ हजार ४१५ किलो सुपारी आयात भएको छ। उक्त परिमाणको सुपारी नेपालले इन्डोनेशियाबाट आयात गरेको हो। नेपालले सुपारीको निर्यातसमेत गर्दछ। तेस्रो मुलुकबाट सुपारी आयात गरी मुख्य गरी भारतमा यसको निर्यात हुँदै गरेको देखिन्छ। नेपालले यस अवधिमा रु ५६ करोड ८७ लाख ७० हजार मूल्य बराबरको १४ लाख १० हजार ६४० किलो सुपारी निर्यात गरेको छ।

विभागका अनुसार यस्ता अन्य ड्राइफ्रुट्स रु एक अर्ब ४३ करोड ७१ लाख ८४ हजार बराबरको आयात भएको छ। त्यसबाट सरकारले रु ७३ करोड ६७ लाख १५ हजार राजस्वसमेत सङ्कलन गरेको छ। नेपालीले नेपालको भौगोलिक अवस्था तथा हावापानीमा राम्रो उत्पादन हुने जुनेलोसमेत आयात गरिरहेको विवरण छ। नेपालले चालु आवको जेठ मसान्तसम्मको अवधिमा ७७७ किलो जुनेलो रु. ४० हजार मूल्यमा आयात गरेको छ।

बारीका डिलमा रोप्दा हुने जुनेलो खरिद गर्न विप्रेषणबाट भित्रिएको पैसा खर्च गर्न थालेपछि त्यसले अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्ने कुरा स्वभाविक नै भएको बताइएको छ।

## व्यवसायीलाई ...

संस्थाले व्यवसायीलाई धरासायी बनाउने रणनीति लिनु जायज नभएको वाणिज्य संघले विज्ञप्तिमार्फत जनाएको छ। वित्तीय संस्थालाई सहज र व्यवहारिक तवरले व्यवसायीको समस्यालाई आत्मसात गर्दै स्थिति सहज बनाउन आग्रह गरेको छ। बिर्तामोड नगर क्षेत्रमा भएका बैंक तथा वित्तीय संस्थालाई तरलता अभावले बक्यौता नउठ्ने भएकाले केही समय धैर्य गरिदिन आग्रह समेत गरेको छ।

वाणिज्य संघले आग्रह गर्दागर्दै पनि डर र धम्की देखाएर व्यवसायीलाई हतोत्साहित बनाउने भएमा आम व्यवसायी आन्दोलनमा उत्रिन सक्ने चेतावनी समेत दिएको छ। वाणिज्य संघले सरकारले बजेटमार्फत ल्याएको कम्प्युटर वा अनलाइन बिलिङप्रति पनि आपत्ति जनाएको छ। आर्थिक बर्ष २०७६।०७७ वा ०७७।०७८ मा बार्षिक १० करोड करोबार गर्ने कुनै पनि प्रकृतिको व्यवसायले कम्प्युटर विलिङ गर्नुपर्ने कानूनी प्रावधान अव्यवहारिक र असान्दर्भिक भएको जनाएको छ। वाणिज्य संघले व्यवसायीको सिलिङ १० करोडबाट बढाएर ३५ करोड पुऱ्याउन आग्रह समेत गरेको छ।

बैंक तथा वित्तीय संस्थाका कारण बिर्तामोडका धेरै व्यवसायी पलायन हुनुपर्ने अवस्था आएको भन्दै वाणिज्य संघका प्रवक्ता सञ्जीव घिमिरेले आपत्ति जनाएका छन्। उनले कोरोना कहर अघि नियमित रुपमा ब्याजदर तथा किस्ता तिरिरहेकोमा कोरोना कहरपछि केही समयपछि बैंक तथा वित्तीय संस्थालाई पटक-पटक आग्रह गरे पनि लिलामी नाम निकाल्नु दुःखद् भएको बताए। उनले बैक तथा वित्तीय संस्थालाई वाणिज्य संघकोतर्फबाट आग्रह गरिएको र तरलता सहज नभएसम्म वित्तीय क्षेत्रले समेत व्यवसायीको मागलाई सम्बोधन गर्नुपर्ने बताए। उनले धेरै व्यवसायीहरु प्रताडित भएको भन्दै यस्तो अवस्था सृजना हुनु दुःखद् भएको बताए। बैंक आफैं आर्थिक तरलतामा रहेको र देशनै आर्थिक संकटमा फस्ने अर्थविद्हरुको चेतावनी आइरहेको बेला व्यवसायीलाई हतोत्साहित बनाउने काम गर्नु दुःखद् भएको प्रवक्ता घिमिरेको भनाइ छ। उनले बिर्तामोडका बैंक तथा वित्तीय संस्थाले व्यवसायीहरुलाई दुःख दिने काम गरे त्यसबिरुद्ध व्यवसायीहरु आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनी समेत दिए।

## हातले ...

पर्यटक र इलाम बजारवासीले व्यायाम गर्दै आएको वडाध्यक्ष नरेश श्रेष्ठले जानकारी दिए। चियाबारी क्षेत्रमा पर्यटकसँगै बजारवासी, निजामती कर्मचारीलगायत यहाँ बस्ने मानिस दैनिक रूपमा बिहानपख (मर्निङवाक) र साँझपख (इभिनिङवाक)का लागि जाने गरेका छन्। उनीहरूलाई नै लक्ष गरेर खुला जिमहाउस सञ्चालन गरिएको हो। खुला जिमहाउस चिया बगानको माथि धुराबस्ती क्षेत्रमा निर्माण गरिएको छ।

बगान क्षेत्रका खुला ठाउँको पहिचान गरी पर्यटन पूर्वाधार र खुला जिमहाउस निर्माणले नगरपालिकावासीलाई भ्रमण गर्ने बानीको विकास गराइ आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने नगरपालिका योजना छ। नगरपालिकाले खुला जिम हाउससहित पर्यटन पूर्वाधार निर्माणपछि चिया बगान भ्रमण गर्ने पर्यटकको सङ्ख्या बढेको हो।नयाँ र आकर्षक केन्द्र निर्माणले यहाँ हाल पर्यटकको सङ्ख्यामा समेत वृद्धि भएको छ। इलाम पर्यटकीय जिल्लाका रूपमा नै परिचित छ। यहाँ रहेका पर्यटकीयस्थलमा अब कृत्रिम पर्यटकीय पूर्वाधारसमेत निर्माण हुँदै जाने हो भने आकर्षण थपिँदै जाने थियो। यसका लागि प्रदेश र केन्द्र सरकारले समेत लगानी बढाउनुपर्ने स्थानीयवासीको भनाइ थियो। पानीको मुहान संरक्षण गरे हरियाली बढ्ने भएकाले यसतर्फ समेत ध्यान पुऱ्याउन आवश्यक रहेको स्थानीयवासीले बताउँदै आएका छन्।

# बिर्तामोडमा महेन्द्राको इलेक्ट्रोनिक अटो विक्री शुरु



**बितामोड, असार १७।** झापाको बिर्तामोडमा पहिलोपटक महेन्द्राको इलेक्ट्रोनिक ट्र्यो अटो सार्वजनिक भएको छ।

बिक्रेता अल्फा इलेक्ट्रोनिक अटो सप्लायर्सले अटो बिक्री बितरणका लागि सार्वजनिक गरेको हो। अटोको सार्वजनिक शुक्रवार बिर्तामोड नगरपालिकाकी मेयर पवित्रा महतरा प्रसाई र बिर्तामोड उद्योग बाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटीले संयुक्त रुपमा गरेका हुन्।

अटोको नेपाली मूल्य ८ लाख ४० हजार रुपैयाँ रहेको अग्नि इर्नरर्जी प्रालिका असिष्टेन्ट जनरल मेनेजर प्रमोद भण्डारीले बताए। उनका अनुसार अटो एकपटक चार्ज गर्दा १ सय ३० किलोमिटर गुड्ने, पुरा चार्ज हुन ३ घण्टा ५० मिनेट लाग्ने, एकपटक चार्ज गर्न ८ युनिट बिद्युत् लाग्ने, ट्र्यो अटोको ३ वर्ष वारेन्टी र ब्याट्रीको आयु ५ वर्षको रहेको छ। सो अटोको ब्याट्री ७.३७ किलो हर्ज पावरको रहेको समेत बताइएको छ।

पेट्रोलियम पदार्थको मूल्यबृद्धि भइरहेको समय उक्त अटो एकदमै उपयुक्त रहेको जनाइएको थियो। कमल पौड्याल, प्रेमनारायण पोखरेल, छबिलाल दास अग्रवालले अल्फा इ अटो सप्लायर्स सञ्चालनमा ल्याएका हुन्। सञ्चालक कमल पौड्याललको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड नगर प्रमुख पवित्रा महतरा प्रसाईको प्रमुख आतिथ्य तथा बिर्तामोड उद्योग बाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटीको बिशिष्ठ आतिथ्य रहेको थियो।

स्वागत छत्र पौडेलले गरेको कार्यक्रममा अर्जुनधारा वडा नं. ९का वडाअध्यक्ष भिष्म मिश्रलगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन रामजी पोखरेलले गरेका थिए।

# विद्यार्थीलाई लागूऔषध सचेतना शिक्षा

**झापा, असार १७।** झापाको अर्जुनधारामा लागू औषध नियन्त्रणका लागि विद्यालयस्तरीय सचेतना अभियान शुरु गरिएको छ।

अभियान अन्तर्गत शुक्रवार अर्जुनधारा-५का दुई वटा विद्यालयमा सचेतनामूलक कार्यक्रम सम्पन्न भएको अभियानका संयोजक कौशल भण्डारीले बताए। विद्यार्थीलाई लागूऔषध दुर्व्यसन सम्वन्धी सचेतना प्रदान गर्न देवभूमि विद्यालय र होलिवेसिल



अंग्रेजी विद्यालयमा छुट्टाछुट्टै कार्यक्रमको आयोजना गरिएको हो।

कार्यक्रममा इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक रुगम वहादुर कुँवरले सहजीकरण गरेका थिए। कार्यक्रममा अर्जुन धारा प्रेस क्लवका अध्यक्ष कुमार भट्टराई, इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी निरीक्षक होम दाहाल, सशस्त्र प्रहरी वल शनिश्चरेका प्रहरी सहायक निरीक्षक किरण केसी, रोटरी क्लव अफ बिर्तामोडका अध्यक्ष ओमकृष्ण बिमली जनप्रतिनिधि अर्जुन कँडेल लगायतले बोलेका थिए।

# केश श्रृंगार तालिम



**बिर्तामोड, असार १७।** व्यवसायिक तथा सिप विकास तालिम केन्द्र र बिर्तामोड नगरपालिकाको साझेदारीमा सञ्चालित केश श्रृंगार तालिम समापन भएको छ।

झापाका किशोरीलाई लक्षित गर्दै तीन महिनाअघिबाट शुरु भएको सो तालिम समापन भएको हो। तालिममा १५ जना किशोरी सहभागी थिए। बिर्तामोडसहित मेचीनगर, दमक लगायतका किशोरीले व्यवसायिक सिप आर्जन गर्दै दक्ष भएको र श्रम बजारमा बिक्न सक्ने बनाइएको व्यवसायिक तथा सिप विकास केन्द्रकी प्रमुख कृष्णा श्रेष्ठले बताइन्। तालिमको सहजीकरण कमला कार्कीले गरेकी थिइन्।

बिर्तामोड नगरपालिकाका अधिकृत मेघराज बाँस्तोलाको अध्यक्षतामा भएको कार्यक्रममा बोल्दै प्रशिक्षार्थी मेनुका भुर्तेलले तीन महिनासम्म आफूहरुले सिकेको सिपलाई व्यवहारमा उतार्दै स्वरोजगार गर्न व्यवसाय गर्ने बताएक थिइन्।

कार्यक्रममा प्रशिक्षक कार्कीले सिप विकास महासागर भएकाले सिप सिकेका जो-कोही विश्वका कुनै पनि कुनामा भोकै बस्नु नपर्ने बताएकी छिन्। उनले सिप भए जहाँ गए पनि स्वरोजगार बन्न सकिने बताउँदै अन्य महिलाहरुलाई समेत त्यस्ताखाले तालिममा सहभागी भएर आत्मनिर्भरता बन्न सकिने भन्दै अन्य किशोरीलाई समेत यस्ताखाले तालिममा सहभागी हुन आग्रह गरिन्।

कार्यक्रममा नेपाल पत्रकार महासंघ प्रदेश १का सदस्य सुरेन्द्र भण्डारी, सिप विकास तालिम केन्द्रका गौतम पौडेल, वीरता जेसीजका महासचिव टीकाराम खतिवडा लगायतले धारणा राखेका थिए। तालिममा सहभागी सबैलाई प्रमाण-पत्र उपलब्ध गराइएको थियो।

व्यवसायिक तथा सिप विकास केन्द्रले पूर्वका पाँच जिल्लामा २१ वटा तालिम सञ्चालन गर्दै चार सय ८० जनाभन्दा बढीलाई दक्ष बनाएको बताइएको छ।

## दुर्घटनामा ...

सडकबाट करिब ३०० मिटरभन्दा तल खसेको प्रत्यक्षदर्शी मिलन दाहालले जानकारी दिए।

दुर्घटनामा चालक इलाम नगरपालिका-२ का २४ वर्षीय चूडामणि घिमिरेसहित ताप्लेजुङ याङ्बरक गाउँपालिका-५की २१ वर्षीया मनिषा तामाङ, सोही गाँउपालिका वडा नं. ६का २४ वर्षीय लोकेन्द्र सिलवाल घाइते भएका छन्।

यस्तै, फुङलिङ नगरपालिका-६ की ३० वर्षीया निमा खतिवडा, झापा मेचीनगर नगरपालिका-९का २२ वर्षीय दिवान राईसहित १० महिनाकी बालिका रियन्सा राई, सोही स्थानकी २२ वर्षीया मञ्जली राई, भद्रपुर नगरपालिका-३का ५३ वर्षीय इन्द्रबहादुर कार्की पनि घाइते भएका छन्।

त्यसैगरी, ५६ वर्षीय जितबहादुर थेबे, पाँचथर फालेलुङ गाउँपालिका-१ की २१ वर्षीया अप्सरा कोइराला, याङ्बरक गाउँपालिका-५ का ५१ वर्षीय प्रेम तामाङ र सोही गाउँपालिका-६का २३ वर्षीय दीपेन्द्र कोइराला र भोजपुर श्यामसिला गाउँपालिका-१का २७ वर्षीय सुरेन राई घाइते भएका छन्।

दुर्घटनामा घाइते भएकाहरूलाई इलाम अस्पतालमा उपचार गरी गम्भीर घाइते आठ जनालाई झापाका विभिन्न अस्पताल पठाइएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ। जिप दुर्घटनाको कारण नखुलेको प्रहरीले जनाएको छ। गाडीमा सवार ११ मध्ये चार जनाको अवस्था गम्भीर रहेको बताइएको छ।

## स्थानीय ...

अध्यक्ष भीमा शिवाकोटी, स्वतन्त्र पत्रकार संघ झापाका अध्यक्ष तथा मिडिया एक्सनका प्रदेश संयोजक नरेन्द्र ढकाल, प्रेस क्लव शिवसताक्षीका अध्यक्ष सेलिङ केसी तथा पत्रकारहरु प्रेम राई, लीला अनमोल, चिरञ्जीवी घिमिरे, चूडामणि तिम्सिना, दिलीप घिमिरे, चन्द्रकान्त ढकाल लगायतले विभिन्न सुझाव राखेका थिए।

महासंघ झापाका उपाध्यक्ष केशव भट्टराईले स्वागत र सचिव डिकेश लामाले कार्यक्रमको सञ्चालन गरेका थिए। स्थानीय सरकारले बनाउने सञ्चार सम्बन्धी ऐन तथा नीति निर्माणमा सहयोग पुग्नेगरी महासंघले कार्यशालामा आएका सुझावहरुलाई पालिकाहरुमा पेश गर्न सहसचिव अर्जुन राजवंशीसहितलाई जिम्मेवारी दिएको छ।

स्थानीय नीति तथा कानून बनाउने विषयमा जनप्रतिनिधिहरु स्पष्ट हुनुपर्ने, पत्रकारको क्षमता विकास र महासंघको संस्थागत विकास तथा स्थानीय सञ्चारमाध्यमको प्रबर्द्धनमा स्थानीय सरकार गम्भीर हुनुपर्ने, पत्रकारितामा महिलालाई प्रोत्साहित गर्नुपर्ने, स्थानीय सूचना अनिवार्य रुपमा स्थानीय सञ्चारमाध्यममा प्रकाशन/ प्रशारणको व्यवस्था गरिनुपर्ने, स्थानीय तहमा बन्ने आमसञ्चार समन्वय तथा परामर्श समितिमा विज्ञ र स्वतन्त्र व्यक्तिलाई राख्नुपर्ने, अन्य सञ्चारमाध्यम झैं अनलाइनलाई पनि स्थानीय तहमा नै दर्ता गर्नुपर्ने, निर्देशनात्मक र हुकुमी शैलीभन्दा पनि आग्रह, समन्वय र सहकार्यको भावना सञ्चार नीतिमा झल्किनुपर्ने सुझाव सहभागीले राखेका छन्।

पत्रकार महासंघ र स्थानीय सञ्चारसम्बद्ध सरोकारवालासँग छलफल नगरी लाखौं खर्च गरेर एनजीओले बनाउने सञ्चार सम्बन्धी कानून आफूहरुलाई मान्य नहुने भन्दै सहभागी सञ्चारकर्मीले सरोकारवालासँग छलफल, समन्वय र सहकार्यका लागि स्थानीय सरकारहरुलाई आग्रह गरेका छन्।

## सिम ...

बैंक खाता समेतमा पहुँच राखी मोवाइल बैकिङ्ग सेवा बनाई बैंक खातामा रहेको रकम निकाली ठगी गर्ने कार्यमा संलग्न रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले पक्राउ गरेको हो।

उनलाई ठगी सम्बन्धी कसूरमा आवश्यक अनुसन्धान कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौंमा पठाइएको छ।


**कपडा पसल बिक्रीमा**

बिर्तामोड नगरपालिका-५ कृषिथोक रोडमा चालू अवस्थामा रहेको फेन्सी कपडा पसल तु-विक्रीमा छ।

मो. ९८४२६९५७८८
९८०४९६५०८५



**अर्जुनधारा नगरपालिकाको नदीजन्य पदार्थको मौज्दात प्रमाणिकरण तथा नदीजन्य पदार्थको उत्खनन्**

**निषेध गरिएको सम्वन्धमा अत्यन्त जरुरी सूचना**

यस अर्जुनधारा नगरक्षेत्रभित्र व्यक्ति तथा फर्मबाट स्टक गरिएका नदीजन्य पदार्थ (ढुंगा, गिटी बालुवा)को प्रमाणिकरणका लागि मिति २०७९।०३।२१ गतेभित्रमा यस अर्जुनधारा नगरपालिका राजश्व शाखामा निवेदन दिनुहुन सूचित गरिन्छ। उक्त अवधि पश्चात स्थलगत अनुगमन गर्दा मौज्दात गरी राखिएको भेटिएमा त्यस्ता नदीजन्य पदार्थ कार्यालयबाट जफत गरिने छ। साथै असार १ गतेबाट भाद्र मसान्तसम्म नदीजन्य पदार्थ (ढुंगा, गिटी बालुवा)को उत्खनन गर्न नपाइने व्यवस्था रहेकाले उक्त निषेधित समयमा नदीहरुबाट अनधिकृत तवरले नदीजन्य पदार्थको उत्खनन गरेको पाइएमा त्यस्तो सामग्री तथा सामग्री ओसारपसारमा प्रयोग भएको सवारी साधन पक्राउ गरी दण्ड जरिवाना गरिने भएकाले कोही कसैले नदीजन्य पदार्थको ओसारपसार नगर्नु नगराउनु हुन नगर कार्यपालिकाको मिति २०७९।०३।१५ गतेको बैठकको निर्णय बमोजिम सम्बन्धित सबैमा सूचित गरिन्छ।

**अर्जुनधारा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा



**नेपाल विद्युत् प्राधिकरण**
**अनारमनी वितरण केन्द्र**
**बिर्तामोड, झापा**

**सूचना ! सूचना !! सूचना !!!**

यस अनारमनी वितरण केन्द्र M-Power Server विग्रिएर विद्युत् महशुल काउन्टर बन्द रहेकोमा मिति २०७९।०३।१९ गते आइतवारको दिनदेखि नियमित सञ्चालन हुने व्यहोरा सम्पूर्ण ग्राहक महानुभावहरुमा सूचित गरिन्छ।

नेपाल विद्युत् प्राधिकरण
**अनारमनी वितरण केन्द्र**
बिर्तामोड, झापा



**नेपाल विद्युत् प्राधिकरण**
**अनारमनी वितरण केन्द्र**
**बिर्तामोड, झापा**

**सूचना ! सूचना !! सूचना !!!**


नेपाल विद्युत् प्राधिकरण दुहबी ग्रिड शाखा अन्तर्गतको दमक सवस्टेशनमा १३२ के.भि. काबेली १ फिडरको बसबार ब्रेकरको जम्पर र १३२ के.भि. दुहबी फिडरको बसबारको डिएस जम्परहरु बदली कार्य गर्नको लागि मिति २०७९/०३/१८ गते शनिबारका दिन बिहान ७ बजेदेखि ९ बजेसम्म यस वितरण केन्द्रको सम्पूर्ण एरियाहरुमा लाइन अवरुद्ध हुने व्यहोरा सम्पूर्ण ग्राहक महानुभावहरुमा जानकारी गराइन्छ।

नेपाल विद्युत् प्राधिकरण
**अनारमनी वितरण केन्द्र**
बिर्तामोड, झापा


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रेसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

गजल/मुक्तक

## गजल



केशव आचार्य

थोरै मात्र मान्छे गुणी-असल हुन्छन्,
ती- व्यवहारमा प्रायः सफल हुन्छन् ।

सज्जन एक्लो हुन्छ, एकलव्य झैं एक्लो,
दुर्जनका साथमा दलबल हुन्छन् ।

हिलोमा फोहोर र दुर्गन्ध पनि होला,
त्यही हिलोमा फुलेका कमल हुन्छन् ।

बरू नेता स्खलित् हुन्छन् सिद्धान्तबाट,
जनता-आफ्नो आस्थामा अटल हुन्छन् ।

सोह्र श्रृंगारले सजिएकी सुन्दरी देख्दा,
सन्तका पनि पो आँखा चञ्चल हुन्छन् ।

आफूभित्र मडारिएका भावनालाई,
बुन्न जान्यो भनें मीठा गजल हुन्छन् ।

*बिर्तामोड, झापा*

## चार मुक्तक



जेबी खत्री

धेरै दु:ख झेलेँ मैले
जीवन सार्थक बनाउनलाई
बल्लतल्ल सफल भएँ
जीवन चलाउनलाई ।

□□□

दु:ख-सुख चलेकै छ
अब पनि चल्छ होला
चलेसम्म चलाउँछु
भनेसम्म चल्छ होला ।


□□□

आधा उमेर बितिसक्यो
बाँकी पनि बित्छ होला
बितेकै छ आजसम्म
अब पनि बित्छ होला ।

□□□

कसै गर्दा सकिनँ त
सफल जीवन जीउनलाई
जिनेतिने सफल भएँ
जीवन चलाउनलाई ।

अनुभूति



# पानीमा डुबेका शहरहरु



भुवन तामाङ

संसारभरि यस्ता ठाउँहरू पनि छन् जहाँ पानीमुनि धेरै शहरहरू भेटाउन सकिन्छ । पृथ्वीमा भएका भौगर्भिक, प्राकृतिक उथलपुथलले जमिन भासिनाले र हिउँहरु पग्लिनाले पानीको सतह बढेर धेरै तटीय शहरहरु पानीमुनि डुबेका छन् । अर्को कारणमा मानवीय कारण रहेका छन् । ज्यादै होचो भू-भाग भएका सामुद्रिक तथा नदी तटमा शहर बसाउनाले पनि ती शहरहरु पछि पानीमा डुब्न पुगेका छन् ।

पानीमुनि शहरहरु भेटाउन सकिन्छ । तर, त्यहाँ मानव लगायत थलचर जीवन भेटिँदैनन्, तर जलचर जीव भने नयाँ बासस्थान या विचरण क्षेत्र पाएर खुशी साथ जिइरहेका पाइन्छन् । शहरहरु उस्तै सुन्दर र जस्ताको त्यस्तै देखिन्छन् मात्र कतै-कतै लेउ लागेका देखिन्छन् । रङ्गीचङ्गी लेउहरुले अलौकिक शहर देखिन्छन् । यदि त्यहाँ मानव र थलचर जीवन हुँदो हो त कति राम्रो हुने थियो । अर्को सुन्दर संसार पाउने थिए । जीउने नयाँ गोरेटो भेटाउने थिए । तर, यस्तो कदापि हुँदैन । किनकि मानव र जलचरहरु पानीमुनि बाँच्न सक्दैनन् । के वैज्ञानिकहरुले यिनीहरुलाई पानीमुनि बाँच्न सक्ने बनाउन सक्दैनन् ? यस्तो प्रश्न गर्नु पागल हुनु जस्तै हो । अब लागौं पानीमुनिका शहरहरुको जानकारीतिर ।

**पोर्ट रोयल जमैका :** सन् १९६२ मा सुनामी र भूकम्पले पोर्ट रोयल सहरलाई दुई हजार मानिसहरुसँगै डुबायो । यसलाई एकपटक पृथ्वीको सबैभन्दा दुष्ट शहर पनि भनिन्थ्यो । किनकि यो क्यारिबियन क्षेत्रका समुद्री डाकूहरूको आश्रय थियो र शहर डुब्नुलाई परमेश्वरको कार्यको रूपमा रुढीवादी विश्वास पनि लिइयो । यस शहरलाई विश्वको सबैभन्दा राम्रो संरक्षित पानीमुनिको शहरहरू मध्ये एक मानिन्छ ।

**द्वारका भारत :** द्वारकालाई गेटवे टु हेभेन भनेर पनि चिनिन्छ । द्वारका सहर गोम्ती तदी र अरब सागरको संगममा बसेको थियो । यो शहर अरब सागरमा पानीमुनि करिब सय फिट तल डुबेको छ । डुबेको द्वारका सन् १९८८ मा पत्ता लागेको थियो । पानीको तल पुरातन तथा प्राचीन चमत्कारिक संरचनाहरू, ग्रीडहरू, स्तम्भहरू र प्राचीन कलाकृतिहरू फेला परेका छन् । कतिपयले यो शहर कम्तीमा दश हजार वर्ष पुरानो हुन सक्ने धारणा राखेका छन् ।



**बाइया इटली :** यो पानीमुनि डुबेको इटलीको त्यो ऐतिहासिक शहर हो भन्ने विश्वास गरिन्छ जहाँ हेडोनिस्टिक रोमीहरू (बासिन्दाहरु) बाइयामा बग्ने गर्थे । यसलाई पुरातन रोमको लस भेगास पनि भनिन्छ । शहरको अधिकांश भाग पानीमुनि बीस फिटभन्दा कम गहिराइमा अवस्थित छन् र लगभग दुई हजार वर्ष पुरानो अवशेषहरू दुरुस्त अवस्थामा पानीमुनि पाइएका छन् ।

**पाभ्लोपेट्री ग्रीस :** पुरातत्वविद्हरूले पाभ्लोपेट्री करिब ईसापूर्व हजार वर्ष पुरानो भएको अनुमान गरेका छन् । यसलाई पनि पुरानो पानीमुनिको शहर मानिन्छ । पाभ्लोपेट्री १९६७ मा पत्ता लगाइएको थियो । सर्वेक्षणले एक प्रागैतिहासिक शहरको योजना प्रकट गऱ्यो जुन माइसेनियन (मध्ययुगिन नेभलबेश) मानिन्छ । पेलोपोनिस (प्रागऐतिहासिकदेखि १९औं शताब्दिसम्मका सम्यता, आवादीका भौतिक प्रमाणहरु) तीनदेखि बाह्र फिट पानी भेटिए । यसको सन्दर्भमा नटिङ्घम विश्वविद्यालयका जोन हेन्डरसनले भने- यो अर्थमा एउटा अनौठो खोज हो कि हामीले समुद्रको किनारमा सडक, भवन, बगैंचा, चिहान र धार्मिक परिसर जस्तो देखिने लगभग पूरा शहर भेट्टाएका छौं ।

**ओन्टारियो, क्यानाडाको हराएका गाउँहरू :** सो हराएका गाउँहरूमा कुल दश क्यानाडाली शहरहरू पनि समावेश छन् । उक्त शहरहरू ओन्टारियोको कर्नवाल र ओस्नाब्रकका पूर्व नगरपालिकाहरू थिए । यी ठाउँहरु मानवीय गतिविधिका कारण डुबेका थिए । यी क्षेत्रहरू १९५० मा निर्माण गरिएका जलमार्गका कारण डुबानमा परेका थिए । त्यसबेला सेन्ट लरेन्स नदीमा बाँध बनाउन आवश्यक ठानियो । पानीको सतहमाथिका केही क्षेत्रहरूबाट देखिने भवनहरू र फुटपाथहरू अझै उस्तै-उस्तै सुन्दर र मनमोहक लाग्दछन् ।

**अटलिट इजरायल :** भूमध्य सागरमा इजरायलको तटमा रहेको यो नियोलिथिक (नव पाषण) बस्ती लगभग आठ हजार वर्ष पुरानो हो । यद्यपि त्यहाँ पानीमुनि धेरै कम्प्लेक्सहरू छन्, जुन निकै पुराना भएको दाबी गरिन्छ । यो शहर सन् १९८४ मा पत्ता लागेको थियो । तीस फिट पानीमुनि, जहाँ चिहान, भवन र अनौठा कंकालहरू भेटिएका थिए । यद्यपि, यहाँ भेटिएका सबैभन्दा चाखलाग्दो कुरा सात मेगालिथ (प्रागऐतिहासिक तथ्य जनाउने विशाल ढुङ्गा)हरू थिए जुन सर्कलमा थिए । जुन पानीमुनि स्टोनह्याङ्ग (झुण्डिएका ढुङ्गाहरु) जस्ता देखिन्थे ।

**फानागोरिया, रूस :** भनिन्छ, यो कुनै समय पुरातन ग्रीसको सबैभन्दा ठूलो शहर र बोस्पोरन राज्यको राजधानी थियो । पाँच सय चालीस ईसापूर्व स्थापना भएको, फानागोरिया कालो सागरमा तामन प्रायद्वीपमा फैलिएको थियो । जुन अहिले रूसको भाग हो । पुरानो शहरको एकतिहाइ पहिले नै काला सागरको पानीमा डुबेको बताइएको छ । जबकि दुई तिहाई अझै जमिनमा छन् । जसले यस ठाउँलाई एक महान पुरातात्विक साइटको रुपमा चिनाउँछ ।

**क्युबाको सनकेन सिटी :** सन् २००१ मा सोनार उपकरण (पानीको गहिराईमा डाइभ गर्न र त्यहाँ भएका कुरा पत्ता लगाउन सहयोग गर्ने नयाँ उपकरण)को प्रयोग गरी फेला परेको यो शहरको मामला पनि उल्लेखनीय छ र समुद्रको सातसय पचास मिटर तलसम्ममा पत्ता लागेको थियो । यिनका अलावा अरु पनि धेरै गाउँ र शहर पानी मुनि डुबेका होलान् भन्ने मानिन्छन् । यी त केही नमूना मात्र हुन् । आजसम्म हजारौं शहर र मानव बस्ती पानीमुनी डुबिसकेका छन् । ती मध्ये धेरै-धेरै शहर गाउँहरु पत्ता लागेका छन् जसले मानवजातिलाई अनौठो अनुभूति दिएका छन् ।

**अब यी शहरहरु पनि डुब्न सक्छन् :**

शहरहरू डुब्नु कुनै नयाँ घटना होइन । रिभरबेडहरू, समुद्र र समुद्रका भुइँहरू एक समयका शहरी संरचनाहरूले भरिएका छन्, जसलाई हामी अहिले जीवन्त, गुलजार र रंगीन शहर पनि भन्न सक्छौं । भविष्यमा यी शहरहरु पानी मुनि हुन सक्ने छन् । जमिनको सतह अचानक या क्रमशः डुब्नुलाई सबसिडेन्स भनिन्छ । जसलाई हामी जमीन झर्ने या भइरहेको सतहभन्दा जमिन तल सर्नु पनि भन्न सकिन्छ । यसको एक कारण भूमिगत पानीको ह्रास हो, जसले गर्दा सहरहरू रहेका भूमिहरू बिस्तारै तल सर्दै जाँदा शहरहरु भासिन पुग्दछन् । अर्को प्रक्रियामा अन्य तिरबाट पानी सर्दै आएर सुख्खा रहेको जमिनको सतहमा पनि पानी भरिँदै आउनु । यस्तो हुँदा पनि शहरहरु डुब्दछन् । प्रक्रिया छिटो र ढिलो पनि हुन्छन् । छिटो भएमा मानवीय क्षति हुन्छन् र ढिलो भएका मानिसहरु आ-आफ्ना धन सम्पतिसहित अन्यत्र स्थान्तरण हुन भ्याउँदछन् ।

**भविष्यमा डुब्न सक्ने शहरहरु :** बैंकक, बार्सिलोना, ह्युस्टन, लागोस, लण्डन, मियामी, न्यू ओर्लियन्स्, न्यूयोर्क, पोर्टो मोन्ट, रोटरडम, सेन्ट पिटर्सबर्ग, सिएटल, सांघाई, भेनिस, वासिङ्टन र जकार्ता शहरहरु पूर्ण र आंशिकरुपमा डुब्न सक्छन् । विकसित शहरहरु चाहिँ डुबिहाले पनि आधामात्र डुब्छन् । किनकि त्यहाँ अग्गा अग्गा बहुतल्ले भवनहरु छन् । ती अग्गा- अग्ला भवनहरुका टुप्पाहरु पानी माथि तैरिइरहेका मनमोहक दृष्य देख्न सकिएला । एक भवनबाट अर्को भवनमा जान नौका चाहिएलान् ।

**बिस्तारै डुबिरहेका शहरहरु :** मेक्सिको सिटी, म्याड्रिड, पेरिस, सान्टियागो डे चिली, एम्स्टर्डम वा ढाका जस्ता अन्य शहरहरू बिस्तारै थाह नपाउने किसिमले डुबिरहेका छन् । यी शहरहरु पानीको पहुँचबाट केही टाढा अवस्थित छन् । तर, अन्यतिरका विकास संरचनाहरुले पानी उकास हुँदै पानी नजिक आइरहेका छन् ।

**देशका देशै डुब्न सक्छन् :** पूर्णरुपमा नभए पनि अधिकांश रुपमा देशका देशै पानीमुनि डुब्न सक्छन् । यस्ता देशहरुमा विभिन्न महासागरबीच रहेका साना टापु आकारका देशहरु । जस्तैः माल्दिभ्स्, किरिबाटी, सोलामन, क्याराबियन देशहरु र आइल्याण्डस्हरु आदि । हिउँ पग्लनाले शहरहरु डुब्न सक्छन् । मानवीय कारणले पृथ्वीको तापमान बढिरहेको छ । तापमान बढेर आर्कटिक सागरका हिउँ पग्लिरहेका छन् । हिमालयका हिउँहरु पनि पग्लिएर हिमनदीले समुद्रको सतह बढिरहेको छ । यसरी समुद्र उकासिनाले शहरहरु डुब्ने पक्कापक्की नै छ ।

कतिपय शहरहरुलाई रिफ्लोट (छेकाबारा) प्रविधिले डुब्नबाट बचाउन सकिन्छ । तर, धेरै गहिराइमा डुब्ने शहरको हकमा भने केही गर्न सकिँदैन । बढ्दो जनसंख्या, औद्योगिकीकरण, शहरीकरण, सिंचाईका लगि पानी उपयोग या खोसाखोस, भूमिगत पानी उपयोग, नहर आदिका कारण पनि शहरहरु डुब्न पुग्दछन् । हालका दिनहरुमा प्राकृतिक र मानवीय कारण आधा-आधा देखिएका छन् । मानवीय व्यवहार परिवर्तन नभए अरु धेरै शहर डुब्नेछन् । *(एजेन्सीको सहयोगमा)*

# असारको महिमा

*न भित्र खोक्रो न बाहिर बोक्रो गुलियो कसार*
*पूर्व ढोका खोलेर हेर्दा लागेछ असार ।*
*असारलाई भनी कुटेको च्यूँरा म कति साँचुला*
*सौताको हात दुई कुट्की भात म कति बाँचुला ।*
*हरियो भन्नु त्यो काँचोपात पहेँलो बेसार*
*सकिने मेलो रहनै लाग्यो बाहुली पसार ।*

असारे भाकामा गुञ्जिने गीतका पंक्ती हुन् यी । यतिखेर असारे गीतको लय, वर्षातको झम्झम्, दहीच्यूराको स्वाद आदिले मानिसको मस्तिष्कलाई नै श्रमशील र कर्तव्यनिष्ठ बनाउन प्रेरित गरिरहेको हुन्छ ।


*छुपुमा छुपु धान है रोप्नु हातमा बीऊ रहुञ्जेल*
*मीठो है खानु मीठो लाउनु यो जीवन छहुञ्जेल,*

गीतका समय र अवसरमा गाइने लय र भाकाहरु हुन्छन् । तिनलाई यस्तै समय र सन्दर्भमा गाइन्छ । यस्तै वर्षातको बेला रोपाईंको बेला रोपाहार र हलीले गाउने गीत हो- असारे गीत । मनभित्रका पीर, पीडा, वेदना पोखिन्छन् यस्ता गीतमा । त्यस्तै मायाप्रीतिका भावना लयमा ढालेर अभिव्यक्त हुन्छन् ।

*असारे मासको दबदबे हिलो छुनलाई घिन लाग्यो*
*मायालु ज्यानलाई फरिया किन्दा छ बिसा ऋण लाग्यो ।*

गीत गाएर कर्म (परिश्रम) गर्नु रमाइलो हुन्छ । गीतले बलसञ्चय, आनन्द र उत्साह प्राप्त हुन्छ । उकालो चढ्दा भञ्ज्याङ पुग्दा सिर्सिरे बतास चल्दाको आनन्द हुन्छ असारे गीतका भाकाले । नेपालका विभिन्न स्थानमा यस्ता असारे भाकाका गीतका भाका फरक छन् । तर, शैली एउटै छन् । यस्तै गीतका भावभङ्गीसँगै वर्षात्को उमङ्ग, अनि हिलो खेल्दाको मज्जा अतुलनीय हुन्छ ।

उपरोक्त गीतका पंक्तीले भने झैं पूर्वैको ढोका खोलेर हेर्दा यतिखेर असार लागिसकेको छ । कृषक वर्गका लागि



रत्नबहादुर बस्नेत

मानो खाई मुरी समय हो असार । उत्साहपूर्ण खुशीयालीको क्षण पनि हो । यो समय कृषि जीवन भविष्यको आशा र वर्तमानको उत्साहप्रद खुशीयालीले रमाउँछ । असारे गीतका सुमधुर लय वर्षात्को झम्झम् वातावरणले मन लोभ्याउने प्रकृति सिर्जित हुन पुगेको देखिन्छ ।

असार महिना गणनाका क्रममा सौर वर्षको तेस्रो महिना हो । कृषि प्रधान हाम्रो देशमा यो वर्षात् शुरु गर्ने शुभ महिना मानिन्छ । ग्रीष्मको कठोर प्रचण्ड गर्मीपछि वर्षा गराई शीतल बनाई हरियाली बनाइदिने असार महत्वपूर्ण महिना हो । पूर्वीय परम्परामा असारको महिमा आफ्नै छ । वर्षभरिकै सार हो- असार । यस महिनामा गरिने धान रोपाइँ र रोपाइँका क्रममा हुने रामरमाइले उत्साहपूर्ण खुशीयाली छाउने अवसर विशेषको रुपमा परिचित, प्रशिद्ध महिना हो- असार ।

हाम्रो संस्कृतिमा यही महिनाको १५ गते अर्थात् असार पन्ध्रलाई हिले पर्व तथा रोपाईं महोत्सवको रुपमा मानिन्छ ।



किसानहरु रोपाहार, बाउसे, ब्याडे, लाठे मानो खाएर मुरी फलाउने अभियानमा जुट्ने उत्सवको दिन हो यो । 'असारको हिलो नछोइ गति पाइँदैन' भन्ने परम्परा अनुसार असार महिनाको ठूलो महत्व छ । धान रोपाइँका लागि सर्वोत्तम समय यही महिनालाई मानिन्छ । राष्ट्रिय अर्थतन्त्रमा धानखेतीले महत्वपूर्ण स्थान ओगटेको छ ।

केही पहाडी भागमा 'बेठी' लगाउने परम्परा पनि छ । 'बेठी' भन्नाले असारका गीतका गायन र पञ्चै बाजासहितको सांस्कृतिक रोपाइँ भन्ने भन्ने बुझिन्छ । (धनीमानीहरुले रोपाइँ थालनी गर्दा नौमती बाजा बजाएर उत्सवको रुपमा मान्ने परम्परालाई 'बेठी' भनिन्छ ।) परम्परागत रुपमा चल्दै आएको बेठी रोपाइँ कतिपय क्षेत्र र जिल्लामा लोप भइसकेको छ । खासगरी पढेलेखेका शिक्षित वर्गले कृषि कर्म गर्न हुँदैन भनेर युवायुवतीमा वितृष्णा बढ्दै गएको पाइन्छ । तर श्रम, सीप, शालीनता (साधना) नै सच्चा नेपालीको परिचय हो । जुन परम्पराको पहिले-पहिले प्राचीन समयमा अझ ठूलो महत्व रहने गर्दथ्यो । यस अवसरमा राजारानीको समेत सवारी भई रानीको हातबाट रोपाइँको शुरुआत गरिन्थ्यो । जसका कारण त्यस्ता भूमि क्षेत्रका रानीखेत, रानीटार, रानीगरा जस्ता नामाकरण हालसम्म पनि रहेको पाइन्छ ।

केही वर्षयता असार पन्ध्रलाई राष्ट्रिय धान दिवसका रुपमा किसानका खेतबारीमा सरकारका तर्फबाट तथा केही राजनेताको सहभागिता रहने र दहीच्यूरा खाने कार्यक्रमको आयोजना गरेको पाइन्छ । हाम्रो देशको प्रमुख खाद्यान्न बालीको रुपमा रहेको धान खेतीले राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटेको छ । वि.स. २०६० सालदेखि असार पन्ध्रलाई धान दिवसको घोषणा गरि यस दिनलाई राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव मनाउन थालिएको हो ।

हाल नेपालमा १३ लाख ७१ हजार हेक्टर क्षेत्रफलमा धान खेती गरिन्छ । तर, कृषि क्षेत्र तथा किसानको हित प्रवर्द्धनमा ठोस एवम् प्रभावकारी योजना नआएका कारण र कृषकले समयमा बीऊ तथा मल नपाइरहेको वर्तमान अवस्थामा मनाइने धान दिवस औपचारिकतामा सीमित रहने गरेको देखिन्छ । सिर्जनाको मूल प्रवाह पनि हो- असार । अर्थात् असार किसानका लागि मात्र होइन भाका, लयमा गीत-संगीत ओराल्ने गायक कलाकारका लागि पनि महत्वपूर्ण मानिन्छ । संस्कृति, सामाजिक रहन सहन, मायाप्रीति, सुख-दु:खका मर्म बोल्दछन् लोकसंस्कृति गीतहरुमा । हाम्रो जनजीवनमा निकटता गासिएको छ - लोकगीतमा ।

धार्मिक सम्बन्ध पनि बोकेको छ असार पन्ध्रले रोपाइँ जात्राका क्रममा धान रोपाइँको थालनी गर्दा 'सिमेभूमे' देवता माटो पानीका देवताको पूजा गर्ने परम्परा रहेको छ । माटो, पानी, पृथ्वी यी हाम्रा जीवन प्राणका आधार हुन् । यिनै देवता हुन् ।असारे भाकाका गीतमा पनि यिनको वर्णन गरिएको पाइन्छ । एकअर्कामा सहयोग गर्ने सामाजिक सद्भावको सन्देश पनि दिएको छ यस पर्वले ।

हाम्रो संस्कृतिमा पञ्चपिता (जन्मदिने बाबु, कन्या दिने ससुरा, मन्त्र दिने गुरु, अन्न दिने किसान र भय हर्ने राजा)मध्ये एक किसानलाई मानिएको छ । सबैको प्राण रक्षाका लागि अनिवार्य अन्न उत्पादनमा जीवन समर्पित गर्ने भएको उसलाई पिता समान आदर सम्मान गर्न निर्देशन गरिएको हो । यसरी अन्नदाता किसानको जीवन र किसानप्रति श्रद्धा सबैमा हुनुपर्ने देखिन्छ । तर, कृषि कर्म र किसान उपेक्षित (उपेक्षाको पात्र) बन्दै गएको छ । यसमा सरकार र सम्बन्धित सबैको ध्यान जान जरुरी छ । यसरी सांस्कृतिक दृष्टिकोणबाट होस् वा आर्थिक दृष्टिकोणबाट यति महत्वपूर्ण किसानको जीवनसँग सर्वाधिक महिमा गाँसिएको असार महिनामा सरकारले किसान र कृषि क्षेत्रको उत्थान हुने राम्रा कृषि नीति र तिनको प्रभावकारी कार्यान्वयन जोड दिन सक्नु पर्दछ ।

# दलित अधिकार प्रवर्द्धन सम्बन्धी छलफल

□ युद्धबहादुर बोहोरा

**पाँचथर, असार १७।** दलित सशक्तिकरण विधेयक मस्यौदाका लागि सुझाव संकलन गर्न पाँचथरको फिदिममा दलित अधिकारकर्मीहरुको भेला सम्पन्न भएको छ ।

सामाजिक विकास मन्त्रालय, १ नम्बर प्रदेशको आयोजनामा छुवाछुतमुक्त प्रदेश कार्यान्वयन अभियानका लागि पूर्वी पहाडका तीन जिल्लाका दलित अधिकारकर्मीहरुको भेलाले दलित अधिकार प्रवर्द्धन सम्बन्धी छलफल सम्पन्न गरेको छ ।

दलित सशक्तिकरण विधेयक मस्यौदाको लागि सुझाव संकलन सम्बन्धी अन्तरक्रिया कार्यक्रम १ नम्बर प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको आयोजनामा भएको ५० जनाको सहभागिता रहेको थियो ।

दलित अधिकार प्रवर्द्धन गर्ने सम्बन्धमा बनेका विधेयक, २०७९ को मस्यौदा छलफल कार्यक्रम पूर्व राज्यमन्त्री एवम् १ नम्बर प्रदेश सांसद जसमाया गजमेरको अध्यक्षता तथा इलाम जिल्ला समन्वय समिति उपप्रमुख चित्रकला बराइलीको विशेष आतिथ्यमा भएको कार्यक्रममा पाँच वटा ग्रुपमा व्यापक छलफल गरी समूहबाट सुझाव लिएको थियो ।



कार्यक्रममा इलाम, पाँचथर र ताप्लेजुङ लगायत दलित आन्दोलन अगुवा जिल्ला, प्रदेश र केन्द्रका नेताहरु सहभागिता रहेको थियो । विधेयक मस्यौदामा प्रदेश र स्थानीय तह स्तरीय जातीय भेदभाव तथा छुवाछुत उन्मुलन अनुगमन समिति र दलित अधिकार प्रवर्द्धन, सशक्तिकरण तथा विकास समितिको काम, कर्तव्य, नीति, कार्यक्रम, उद्देश्य, कार्यक्षेत्र साथै समितिको संरचनाबारे उल्लेख गरिएको छ ।

कार्यक्रम प्रदेशभित्र पाँचथर, सुनसरी, धनकुटा र खोटाङ गरी चार ठाउँमा आयोजना गरिएको थियो । भेलाबाट प्राप्त सुझावलाई समेटेर प्रदेश स्तरीय संवाद मार्फत छलफल गरि मन्त्रालयको तर्फबाट संसदमा छलफलको लागि पेस हुने आयोजकले जनाको छ ।

विधेयक पास भएपछि दलित अधिकारको सवालमा विभेद अन्त्यको लागि महत्वपूर्ण उपलब्धि हुने र विभेदमुक्त प्रदेश निर्माण अभियानमा यसले विशेष भूमिका हुने दलित अधिकारका अभियन्ताहरूले अपेक्षा राखेका छन् ।

# लघुउद्यमीलाई अभिमुखीकरण

**अर्जुनधारा, असार १७।** नगरमा रहेका लघुउद्यमीहरुलाई वित्तीय सेवामा पहुँच तथा उत्पादन हुने वस्तुको बजारीकरणमा सहयोग पुऱ्याउने उद्देश्यले अर्जुनधारामा एक दिवसीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

नगर सामाजिक विकास शाखाको आयोजनामा गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम (मेडपा) अन्तर्गत अर्जुनधारा-७ स्थित सामुहिक उद्धार तथा उपकार संघको सभाहलमा आयोजित उक्त कार्यक्रमको उपप्रमुख खड्गमाया पराजुलीले उद्घाटन गरेकी थिइन् ।

उपप्रमुख पराजुलीको अध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन सत्रमा प्रमुख प्रशासकीय अधिकृत गीताकुमारी राई लगायतले लघुउद्यम विकास कार्यक्रमका विषयमा आफ्नो धारणा राखेका थिए ।

जिल्ला लघुउद्यमी महासंघ झापाकी अध्यक्ष निर्मला भण्डारी, नेपाल बहुउद्देश्यीय सहकारी संस्था शनिश्चरे सेवाकेन्द्रकी प्रमुख जानुकादेवी नेपाल र खरिद विभाग प्रमुख पारसचन्द्र भट्टराईले सहजीकरण गरेको कार्यक्रममा ५० जनाभन्दा बढीको सहभागिता रहेको उद्यम विकास सहजकर्ता शुलोचना कुमालले जानकारी दिइन् ।

सामाजिक विकास शाखा प्रमुख राजविक्रम खड्काले स्वागत गरेको कार्यक्रमको सञ्चालन उद्यम विकास सहजकर्ता कुमालले गरेकी थिइन् । कार्यक्रममा सहभागी लघुउद्यमीहरुले उत्पादन गरेका विभिन्न सामग्रीहरुको पनि प्रदर्शन गरिएको थियो ।




# विद्यार्थीलाई लागूऔषधविरुद्ध सचेतना



**बिर्तामोड, असार १७।** अर्जुनधारामा लागूऔषध नियन्त्रणका लागि विद्यालयस्तरीय सचेतना अभियान शुरु गरिएको छ ।

अभियान अन्तर्गत अर्जुनधारा-५ का दुई वटा विद्यालयमा सचेतानमूलक कार्यक्रम सम्पन्न भएको अभियानका संयोजक कौशल भण्डारीले बताए । विद्यार्थीलाई लागूऔषध दुर्व्यसन सम्बन्धी सचेतना प्रदान गर्न देवभूमि विद्यालय र होलिवेसिल अंग्रेजी विद्यालयमा छुट्टाछुट्टै कार्यक्रमको आयोजना गरिएको हो ।

कार्यक्रममा इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक रुगमबहादुर कुँवरले सहजीकरण गरेका थिए । कार्यक्रममा अर्जुधारा प्रेस क्लवका अध्यक्ष कुमार भट्टराई, इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी निरीक्षक होम दाहाल, सशस्त्र प्रहरी बल शनिश्चरेका प्रहरी सहायक निरीक्षक किरण केसी, रोटरी क्लव अफ बिर्तामोडका अध्यक्ष ओमकृष्ण विमली जनप्रतिनिधि अर्जुन कँडेल लगायतले बोलेका थिए ।

# रोटरी क्लव भद्रपुरमा अधिकारी, काँकरभिट्टामा प्रधान






**भद्रपुर, असार १७।** पत्रकारिता र सामाजिक गतिविधिमा सक्रिय युवा इश्वर अधिकारी रोटरी क्लव अफ भद्रपुरको अध्यक्षमा सर्वसम्मत चयन भएका छन् ।

रोटरी क्यालेन्डर अनुसार जुलाइ १ तारेखदेखि पुरानो समितिको पदावधि पूरा हुने हुँदा प्रस्तावित अध्यक्ष स्वतः अध्यक्ष हुने प्रावधान अनुसार अधिकारी सन् २०२२/०२३ को अध्यक्षमा चयन भएका हुन् ।

एक वर्षे कार्यकाल हुने रोटरीको नेतृत्व लिएका अधिकारी नेपाल पत्रकार महासंघ झापा शाखाका पूर्व कोषाध्यक्ष, खोज पत्रकारिता मञ्च चन्द्रगढीका संस्थापक अध्यक्ष लगायत जिम्मेवारी सम्हाल्दै आएका छन् । उनी हाल नागरिक एफएम भद्रपुरको कार्यक्रम निर्देशक तथा आँखा डट कमका सम्पादक समेत हुन् ।

सामाजिक कार्यमा सक्रिय अन्तर्राष्ट्रिय संस्था रोटरी क्लवमा तीन वर्ष अगाडि नै प्रेसिडेन्ट, प्रेसिडेन्ट नोमीनि र प्रेसिडेन्ट इलेक्ट चयनको व्यवस्था गरिएको छ । भद्रपुर रोटरीको सचिवमा पवनकुमार श्रेष्ठ, प्रेसिडेन्ट इलेक्टमा सन्तोष पोखरेल, प्रेसिडेन्ट नोमिनिमा विनोद चापागाँई, ज्वाइन्ट सेक्रेटरीमा उज्वल श्रेष्ठ, ट्रेजररमा किशोर पराजुली, क्लव डाइरेक्टरमा कविन राई, मेम्वरसिप डाइरेक्टरमा राजकुमार पोखरेल, पब्लिक रिलेसन डाइरेक्टरमा नितेश वर्मा, रोटरी फाउन्डेशन चेयरमा टिकाराज ढकाल, सर्भिस प्रोजेक्ट डाइरेक्टरमा धनजुजु श्रेष्ठ, सरजेन्ट एट आम्समा प्रज्ज्वल राई, क्लव ट्रेनरमा आदित्य पराजुली, क्लव मेन्टरमा दिपेश ढकाल, आइ टि अफिसरमा निरज पराजुली, युथ सर्भिसमा भेषराज ढकाल, सोसियल मिडिया तथा क्लव बुलेटीनमा प्रदीप सरावगी र वेभ मास्टरमा लोकबन्धु ढुंगाना चयन भएका छन् ।

त्यस्तै रोटरी इन्टरनेशनल डिष्ट्रीक ३२९२ नेपाल भुटान अन्तर्गतको रोटरी क्लब अफ काँकरभिट्टाको सन् २०२२/२३ को नयाँ नेतृत्वले विद्यालयलाई खानोपानी आयोजना हस्तान्तरण गरेर आफ्नो पदभार ग्रहण गरेको छ ।

सन् २०२१/२२ को आयोजना अन्तर्गत बाल कल्याण माध्यमिक विद्यालय मेचीनगर-५ मा निर्माण गरिएको नवनिर्मित शुद्ध पिउने पानी परियोजना सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरेर समितिले पदभार ग्रहण गरेको हो । सन् २०२१/२२ र सन् २०२२/२३ का अध्यक्षहरु रोहितकुमार बुढाथोकी र सुजन प्रधानले विद्यालयका प्रधानध्यापक नारायणप्रसाद न्यौपानेलाई परियोजनाको साचो हस्तान्तरण गरे ।

रोटरी क्लव अफ काँकरभिट्टाको सन् २०२२/२३ को अध्यक्षमा सुजन प्रधान चयन भएका छन् । उनी हव डिजिटल मिडिया प्रालिका प्रबन्ध निर्देशक हुन् । अध्यक्ष प्रधान सन् २०१० देखि वा रोटरी क्लव अफ काँकरभिट्टाको स्थापनाकालदेखि नै आवद्ध छन् ।

त्यसैगरी प्रेसिडेन्ट इलेक्टमा इञ्जिनियर रुद्र मैनाली, प्रेसिडेन्ट नोमिनी डा. आनन्दराज खनाल तथा भाइस प्रेसिडेन्ट मेदनीप्रसाद खरेल र विजया तामाङ रहेका छन् ।

इमिडेट पास्ट प्रेसिडेन्टमा रोहितकुमार बुढाथोकी, सेक्रेटरीमा भगिरथ राई, जोइन्ट सेक्रेटरीमा जीवन भट्टराई, क्लवको चेयर एडमिनिस्ट्रेशनमा उदयकुमार श्रेष्ठ चयन भएका छन् । ट्रेजररमा नवराज (कृष्णकान्त) खनियाँ सर्वसम्मत चयन भएको क्लवले जनाएको छ ।

मेम्बरसीप कमिटी चेयरमा लक्ष्मीदेवी खनियाँ, पब्लिक इमेज चियर मोहन निरौला, सर्भिस प्रोजेक्ट चयर दीपेन्द्रराज पाण्डे, द रोटरी फाउण्डेशन चियर बालकुमार घिमिरे चयन भएको सेक्रेटरी राईले जानकारी दिए । युथ चेयरमा रविचन्द्र नेपाल र सर्जन्ट एट आर्म्समा कृष्ण पौडेल चयन भएका छन् ।

कार्यक्रममा निवर्तमान अध्यक्ष बुढाथोकीले सम्बन्धित वडाले परियोजनाको लागि केही बजेट विनियोजन गरेपछि रोटरीले समेत थप रकम लगाएर करिब तीन लाखभन्दा बढी रुपैयाँमा परियोजना सम्पन्न भएको बताए । रोटरीले विश्व शान्ति, खानेपानी र सरसफाई, आधारभूत शिक्षा, विभिन्न रोगको उपचार तथा रोकथाम, आमा र नवजात शिशुको स्वास्थ्य उपचार, समुदायमा आधारित आर्थिक विकासका क्षेत्रमा पुऱ्याएको योगदानको अहिले विश्वभर प्रशंसा भएको चर्चा गरे । आगामी दिनमा समेत यस्ता कार्यले निरन्तरता पाउने विश्वास उनले बताए ।

# विज्ञान तथा गणित प्रदर्शनी



**बिर्तामोड, असार १७।** बिर्तामोड नगरपालिकाले आयोजना गरेको बौद्धिक प्रतिभा पहिचान कार्यक्रम अन्तर्गत विद्यालय विज्ञान तथा गणित प्रदर्शनी प्रतियोगितामा मोहनमाया माध्यमिक विद्यालय प्रथम भएको छ ।

नगरस्तरीय बौद्धिक प्रतिभा प्रदर्शनीमा मोहनमाया माध्यमिक विद्यालय प्रथम भएको हो । प्रतियोगितामा वाल्मिकी फाउण्डेशन द्वितीय, तक्षशिला फाउण्डेशन तृतीय र कन्काई आधारभूत माध्यमिक विद्यालय सान्त्वना भएका छन् । विजेता विद्यालयहरुले क्रमशः १० हजार, आठ हजार, छ हजार र चार हजार रुपैयाँ प्राप्त गरेका छन् ।

त्यस्तै नगरपालिकाले गरेको अन्तर विद्यालय कविता प्रतियोगितामा वीर अमरसिंह माध्यमिक विद्यालयका प्रकाश निरौला प्रथम, एभरेष्ट स्मार्ट एकाडेमी फाउण्डेशनका जस्मिन कडरिया द्वितीय, बालकल्याण आधारभूत माध्यमिक विद्यालयका स्वास्तिका उप्रेती तृतीय र इडन गार्डेन एकाडेमी फाउण्डेशनका इश्वर उप्रेती सान्त्वना भएका छन् । विजेताहरुले क्रमशः पाँच हजार, चार हजार, तीन हजार र एक हजार रुपैयाँ प्राप्त गरेका छन् ।

त्यस्तै बौद्धिक प्रतिभा पहिचान कार्यक्रम अन्तर्गतको अन्तर विद्यालय चित्रकला प्रतियोगितामा सेन्टजेभियर्स स्कूलकी स्मर्ण लिवाङ्ग प्रथम, न्युटन्स एजुकेशन एकाडेमीकी साल्भी शिवाकोटी द्वितीय, क्रिएटीभ इन्टरनेशनल एकाडेमीकी फिजा अनसारी तृतीय र मोहनमाया माध्यमिक विद्यालयका राज मल्लिक सान्त्वना भएका छन् । विजेता प्रतियोगिहरुले क्रमशः पाँच हजार, चार हजार, तीन हजार र एक हजार रुपैयाँ प्राप्त गरेका छन् ।

कार्यक्रममा विजेताहरुलाई नगर प्रमुख पवित्रा महतारा प्रसाई र उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले पुरस्कार हस्तान्तरण गरेका थिए । देवी माध्यमिक विद्यालयमा आयोजना भएको कार्यक्रममा विजेता सबैलाई पुरस्कार प्रदान गरिएको थियो ।

कविता तथा चित्रकला प्रतियोगिता न्युटन्स एजुकेशन एकाडेमीमा गत असार १३ गते आयोजना गरिएको हो । विज्ञान तथा गणित प्रदर्शनीको नगर प्रमुख प्रसाई, उपप्रमुख संग्रौला, वडा नम्बर ५ का वडाध्यक्ष रोहित प्रसाई, कार्यपालिका सदस्य यामुना आचार्य, शिक्षा शाखा प्रमुख तिलचन भण्डारी लगायतले अवलोकन गरेका थिए । कार्यक्रममा नगरपालिकाभित्रका सरकारी र निजी गरी ३७ वटा विद्यालयले सहभागिता जनाएका थिए । वार्षिक शैक्षिक क्यालेन्डर अनुसार कार्यक्रमको आयोजना गरिएको नगरपालिकाले जनाएको छ ।


## राहदानी हरायो

काठमाडौंबाट बुट्टाबारी आउने क्रममा यही मिति २०७९।०२।०५ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

नाम:- दिलबहादुर इवारम
साविक ठेगाना:- ताप्लेजुङ्ग-५, सिनाम
हालको ठेगाना:- बुट्टाबारी-६, झापा
राहदानी नं.:- ३४०३४१
सम्पर्क नं. :९८१५९५६८१६

## छापाखाना

क्यालेण्डर | विवाह कार्ड | बिल, भौचर | फ्लेक्स प्रिन्ट | स्टाम (छाप) | कप, टि-सर्ट | लेमिनेशन | फोटोकपी

आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधैं सम्झनुहोस् ।
७ बार १२ महिना संचालनमा
घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिस: ९७४६८७९७०२
९८४२६२५३५३, ९८१४०३६३४४

## आवश्यकता

महिला तथा पुरुष सेक्युरिटी गार्ड
संख्या : ३३ जना
सम्पर्क :
इन्टर सर्भ सेक्युरिटी ग्रुप प्रा.लि.
प्रधान कार्यालय बिर्तामोड
फोन नं. : ०२३-५४५७८२,
९८०६०६१७००, ९८४४६८६९७०

## आवश्यकता

कुक : ३ जना
वेटर : ४ जना (कफि स्पेशलिष्ट)
सेकुवा पोल्न जान्ने : १ जना
सम्पर्क :
९८२४००६००५

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।



सम्पर्क :
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

## धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस

## हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई

सम्पर्क:
9808705206
9863983668
9807930740
9827930240




## अब पानीटंकीमा

चार चक्के सानो गाडी डेन्टीङ्ग, पेन्टीङ साथै इञ्जीन मर्मत सस्तो र भरपर्दो सेवा

MAMA BHANJA GARAGE
न्यू मार्केट मारुती सुजुकी बस स्टेण्ड पानीटंकी भारत
chanchal:
+91 9775379436, +977 9808612158
Partho
+91 9641135590, +977 9816989225



## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

– भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
– हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## आवश्यकता

पद : PRO/GRO/Office Staff
संख्या : केही (महिला/पुरुष)
तलब : १३८००-२०,०००।-
योग्यता : +२, SEE साधारण लेखपढ
कागजात : नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रतिलिपी, ४ प्रति फोटो, दस्तुर
नोटः बोनस साथै अन्य सुविधाहरु ।
सम्पर्क :
अतिथि सदनरोड, बिर्तामोड झापा
९८०१६१५३९३, ९८६६६७२५७३

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, आजको दिनमा खर्चिलो योग रहेको छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउनेछ, बोलीको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ, मन प्रसन्न रहला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
आजको दिन त्यति अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनु होला, खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
काममा नोक्सानी व्यहोर्नुपर्ने हुन सक्छ, यात्राको प्रक्रिया अघि बढाउन सकिने योग छ, भैपरी आउने खर्चले चिन्ता होला ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -**
विपरीत लिङ्गी साथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तम सिद्धी रहेको छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
आजको दिन मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार, व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनु पर्छ, खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दूरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वश्त्र प्राप्तिको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला ।